# कचनकवल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बनियानी, झापा

पत्र संख्याः २०७७/०७८
चलानी नं.: 2036

१ न प्रदेश,नेपाल
मिति :- २०७८/०१/१४

१. श्री वडा कार्यालय सबै
२. श्री BOP तथा जनपथ कार्यालय सबै

बिषय :- सुचना कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत बिषयमा बर्तमान अवस्थामा देखा परेको कोभिड-१९ दोश्रो चरणको नया प्रजातिको संक्रमण छिमेकी मुलुकहरु मा तिब्र गतिले वृद्धि भइरहेको र नेपालमा पनि सोहि गतिमा वृद्धि भईरहेकोले यसको संक्रमण फैलिन नदिन जिल्ला संकट व्यवस्थापन समितिको मिति २०७८/०१/१३ गतेको निर्णय तथा सोहि मितिमा कचनकवल स्तरीय ccmc को बैठकको निर्णय अनुसार सबै वडा कार्यालय मार्फत सम्बन्धित सबै सरोकारवाला निकायहरूलाई निम्न सुचनाहरु जानकारी गराई आवश्यक समन्वय, सहकार्य र कार्यान्वियन गर्न / गराउन यो सुचना प्रेषण गरिएको व्यहोरा अनुरोध छ।

**निम्न**

१. घर बाट अत्ति आवश्यक काम बिना बाहिर ननिस्किने, निस्किनै परेमा अनिबार्य माक्स प्रयोग गर्ने।
२. कुनै बस्तु छुनु अघि, काम गर्नु अघि र सम्पन्न गरिसके पछी सेनिटाइजर प्रयोग गर्ने वा साबुन पानीले मिचिमिची हात धुने।
३. सार्वजानिक सेवा दिने स्थान हरु मा एक व्यक्ति र अर्को व्यक्तिको बिचमा कम्तिमा २ मिटरको भौतिक दुरी कायम गरि स्वास्थ्य सुरक्षाका सम्पूर्ण मापदण्डहरु पुरा गरि आलोपालोको प्रणालीमा सेवा लेनदेन गर्ने।
४. साप्ताहिक रुपमा लाग्ने हाट बजारहरु सो बजारको दिन औषधि पसल बाहेक सबै पसलहरु पूर्ण रुपमा बन्द गर्ने, जस्तै : बनियानी बजारको हकमा सोमबार र शुक्रबार पूर्ण रुपमा बन्द, तेसैगरि पथरिया बजारको हकमा बुधबार र शनिबार पूर्ण रुपमा बन्द गर्ने, अन्य दिन बिहान देखि बेलुका ८ बजे सम्म मात्र खुल्ला राख्ने।
५. यस कचनकवल गाउँपालिकाको सिमानाका बाट आवतजावत पूर्ण रुपमा बन्द गरिएको छ।
६. सरकारी तथा निजि सबै शिक्षण संस्थाहरु बैशाख मसान्तसम्मका लागि बन्द गर्ने।
७. भिडभाड हुने मेला, महोत्सव, जात्रा, पर्व, बिवाह, न्वारान, पास्नी, ब्रतबन्ध, धार्मिक अनुष्ठान, मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक कृयाकलापहरु संचालन गर्दा जनस्वास्थ्यका मापदण्डको पूर्णरुपमा पालना गर्ने गरि बढीमा एक पटकमा २५ जना सम्म मात्र संलग्न हुन पाउने।

८. सार्वजानिक यातायात संचालक हरुले देहाय बमोजिम गर्ने।
- सिट क्षमता भन्दा बढी यात्रु नराख्ने,
- सबै यात्रुलाई मास्क अनिबार्य गर्ने,
- सवारी साधनको ढोकामा र सवारी साधन भित्र सेनिटाईजर्को व्यवस्था गर्नुपर्ने,
- चालक तथा सहचालकले मास्क र भाइजर लगाउनु पर्ने,
- सवारी साधनलाई दैनिक रुपमा निसंक्रमित गर्नुपर्ने,



Scanned with CamScanner

# कचनकवल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बनियानी, झापा

पत्र संख्या: २०७७/०७८ १ न प्रदेश,नेपाल

चलानी नं.:

मिति :- २०७८/०१/१४

- सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बबढीमा दश रुपैया लिई मास्क उपलब्ध गराउनु पर्ने,
- मास्क नलगाउने व्यक्ति लाई सवारी साधनमा प्रवेश गर्न नदिने,

९. होटेल तथा रेष्टुरेन्ट ले बिहान ८ बजेदेखि बेलुका ८ बजे सम्म देहाय बमोजिमका मापदण्ड पालना गरि सेवा दिने र सो समय पश्चात टेकअवे र होम डेलिभरी मात्र उपलब्ध गराउने।

- होटेल तथा रेष्टुरेन्टका कामदारले अनिबार्य रुपमा मास्क, भाइजर र पन्जा लगाउने,
- होटेल तथा रेष्टुरेन्टमा प्रवेश गर्ने सबै सेवाग्राहीलाई मास्क अनिबार्य गर्ने,
- कम्तिमा दुई मिटरको भौतिक दुरी कायम गर्नुपर्ने,
- सेनिटाईजरको व्यवस्थापन गर्नुपर्ने,
- होटेल तथा रेष्टुरेन्टलाई नियमित रुपमा निसंक्रमित गर्नुपर्ने,
- होटेल तथा रेष्टुरेन्टमा कुनै सेवाग्राही मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा दश रुपैया लिई मास्क उपलब्ध गराउनु पर्ने र मास्क नलगाउने व्यक्तिलाई होटेल तथा रेष्टुरेन्ट प्रवेश गर्न नदिने।

१०. बिदेश बाट नेपाल आउदा तोकिएको नाकाबाट मात्र आवश्यक प्रक्रिया पुरा गरि मात्र आउने, घरमा कम्तिमा दश दिन सम्म पूर्ण रुपमा जनस्वास्थ्यको मापदण्डको पूर्ण पालना सहित होम क्वारेन्टाइन बस्ने र सो को जानकारी सम्बन्धित वडा, गा.पा., स्वास्थ्य शाखा, सुरक्षाकर्मि आदिलाई गराउने।

११. होम क्वारेन्टाइन तथा होम आइसोलेशनमा बसेका व्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा बस्ने र स्वास्थ्य सम्बन्धि कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पतालमा जाने।

१२. माथि उल्लेखित व्यवस्था उलंघन गर्ने वा कार्यान्वयनमा बाधा पुर्याउने व्यक्ति तथा संस्थालाई संक्रामक रोग एन २०२० तथा प्रचलित कानुन बमोजिम कार्बाही गरिनेछ।

१३. उपरोक्त सबै सन्देशमुलक सुचनाहरु हरेक वडाले पनि आफ्नो सिमा क्षेत्रभित्र प्रचारप्रसार तथा माइकिङ गराउने।

०१/१४

कुमार ...

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner